फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं.

मितिः२०७९/०६/०७

## विषयःमाटो परीक्षण सम्बन्धि सुचना।

कृषि ज्ञान केन्द्र, तेह्रथुमको आ.व.०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माटो परीक्षण सम्बन्धी कार्यक्रम कृषि ज्ञान केन्द्र,तेह्रथुम र फेदाप गाँउपालिकाको आपसी सहकार्यमा संचालन हुने भएकोले यस गाँउपालिका भित्रका ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुले माटो परीक्षणको लागि मिति २०७९/०९/०७ गते देखि २०७९/०९/२१ गतेभित्र यस फेदाप गाँउपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै माटोको नमुना लिने विधि यसै सुचना साथ संलग्न रहेको व्यहोरा जानकारी गराइन्छ।
थप जानकारीको लागि सम्पर्क नं.९८५२०६१०२६

..........................
सिता बस्नेत
कृषि विकास शाखा प्रमुख

..........................
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

प.स.२०७९/०८०
मिति:२०७९/०९/०७

च.नं. ८१६

**विषय: सुन्तलाजात फलफुलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा तर्फ सुन्तलाजात फलफुलको साना व्यवसायिक उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन गर्नका लागि मिति २०७९/०९/०६ गतेको निर्णयानुसार सुन्तला पकेट विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले ईच्छुक व्यवसायिक कृषि फर्म/ कृषक समुह/ कृषि सहकारीहरुले तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९/०९/२१ गते) कार्यलय समय भित्र फेदाप गाउँपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नु पर्ने आवश्यक कागजातहरु:

१. समुह/फर्म/सहकारी/जल उपभोक्ता समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. संस्थाको निर्णय।
३. कार्यक्रम संचालनको लागि प्रस्तावना पत्र।
४. आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस।
७. कार्यक्रमको लागि प्रति पकेट ७ हेक्टर(१४० रोपनी) जमिनमा सुन्तला खेति गरिएको हुनुपर्ने।
८. कार्यक्रम संचालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात वा जग्गा भाडामा लिएको भएमा कम्तिमा ५ वर्षको संझौतापत्र।
९. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

सम्पर्क नम्बर:९८५२०६१०२६ कृषि विकास शाखा

..............
सिता बस्नेत
कृषि विकास शाखा प्रमुख

..............
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

## माटोको नमुना कसरी लिने?

माटोको नमुना आफ्नो उद्देश्य अनुसार लिनुपर्छ। यदि अन्नवाली,तरकारी वाली,दलहन वाली,तेलहन वालीका लागि हो भने ६ देखि १० इन्च गहिराई सम्मको माटोको नमुना लिनुपर्छ भने फलफुल बगैंचा स्थापना गर्नको लागि ० देखि ६ इन्चको १ तह,६ देखि १२ इन्चको दोस्रो तह,१२ देखि २४ इन्चको तेस्रो तह र २४ देखि २६ इन्च सम्मको चौंथों तह गरी नमुना संकलन गर्नु पर्छ।

## विधि

*माटो नमुना लिदाँ खेतको प्रकृतिका आधारमा लिने। जस्तैः ठुलो क्षेत्रका लागि २०-२५ स्थानबाट र सानो क्षेत्रका लागि ८-९ स्थानबाट नमुना संकलन गर्नुपर्छ।

*नमुना लिदाँ सबैभन्दा पहिला आफ्नो जग्गामा अंग्रेजी अक्षर W,X,Z तरिकाले रेखाङ्कन गर्ने।

*त्यसपछि नमुना काहाँ काहाँवाट लिने चिन्ह लगाई २ इन्च जति घाँसपात र मलिलो माटो हटाउने।

*अनि त्यस चिन्ह लगाएको ठाँउमा अंग्रेजीको V आकारमा दुवै साइडवाट एउटा सफा प्लाष्टिकको वाल्टिनमा राखि जम्मा गर्ने।

*यसरि नै जति ठाँउवाट माटोको नमुना लिने हो त्यस ठाँउको माटो झिकि एउटा सफा प्लाष्टिकको वाल्टिनमा राखि जम्मा गर्ने।

*त्यसपछि माटोको थुप्रो लगाई बाँडफाँड गर्दै १ के.जी. माटो नमुनाका लागि तयार गर्ने।

## माटोलई बाँडफाँड कसरी गर्ने?

*माटो संकलनवाट आएको माटोलाई कुनै सफा ठाँउमा फिंजाउने र पात पतिङ्गर झारहरु हटाउने, माटोको डल्लो फुटाउने,ढुङ्गाहरु हटाउने।

*संकलन गरेको माटोवाट ४ भाग छुटयाउने र २ भाग फालिदिने र २ भाग पुनः मिसाउने।

*मिसाएको २ भागलाई फेरी ४ भाग लगाएर २ भाग फालिदिने र २ भाग मिसाउने गर्नुपर्च र एक के.जि. नहुन्जेल यो प्रक्रिया दोहोर्याउने।

*यसरी निकालेको नमुनालाई सफा झोलामा हाली आफ्नो विवरण सहित परीक्षणका लागि लानुपर्छ।

## नमुना संकलन गर्दा अपनाउनुपर्ने सावधानीः

*उक्त नमुनाले त्यस जमिनको पुर्ण प्रतिनिधित्व हुने गरी लिने।

*नमुना बोटविरुवाको जरा नजिक, आली नजिक तथा मलको थुप्रो नजिकवाट नलिने।

*नमुना माटो कम्तीमा १ के.जी. हुनु पर्ने।

*नमुनालाई घाममा नसुकाउने।

*हिलो जमिन अथवा पानी जमेको जमिनवाट नमुना नलिने।

*माटो नमुना पठाँउदा सफा झोलामा राखेर पठाउने।

**झोलामा राख्नुपर्ने विवरणः**

क.कृषकको नामः

ख.कृषकको पुरा ठेगानाः

ग.लगाएको वालिः

घ.लगाउने वालिः

ङ.सिँचित/असिंचितः

च.कृषि चुनको प्रयोगः

छ.मलखादको प्रयोगः

ज.माटोको समस्याः

झ.माटो नमुना लिएको मितिः